I + सि.ए   अपलोड गरिदिनुहुन

साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प्रदेश नं.१, नेपाल
Province No. 1, Nepal

प.सं. : २०७५/०७६
च.नं. : ८५२

मिति : २०७५/१०/२३

विषयः कार्यान्वयन गर्न गराउनहुन ।

श्री सबै प्राथमिक/आधारभूत/माध्यमिक विद्यालयहरु
साँगुरीगढी गाउँपालिका, धनकुटा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट तपसिलको शीर्षकमा भएको अनुदान निकासाबाट निम्न बमोजिमको कार्यान्वयन गर्न गराउनहुन जानकारीको लागि अनुरोध छ ।

- शिक्षण सिकाइ सामग्री तथा Book Corner व्यवस्थापन तथा सिकाइका लागि निरन्तर विद्यार्थी मुल्यांकनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा वालविकास-१२) बाट विव्यसको निर्णय बमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री व्यवस्थापन, विद्यालय शिक्षाको गुणस्तर सुधार, सामान्य मर्मत सम्भार तथा PMEC को बुक कर्नर तथा सिकाइ सामग्री लगायतको क्षेत्रमा खर्च गर्ने ।
- प्रारम्भिक बाल शिक्षाको लागि एकमुष्ट निकासा रकमबाट शैक्षिक सामग्री, बाल शिक्षा सहजकर्ताको राय सुझाव लिई प्रारम्भिक बाल शिक्षाको राष्ट्रिय न्युनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्रीहरु जस्तोः ब्लक, पुतली, नरम खेलौना, नरम बल, रिङ, पजल आदि खरिद गर्ने ।
- कक्षा ११-१२ मा अध्ययनरत तोकिएका लक्षितवर्गका विद्यार्थीहरुका लागि पुस्तकालयमा आधारित हुने गरी पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयलाई उपलब्ध अनुदानबाट पाठ्यपुस्तक र स्वीकृत पाठ्यक्रममा भएको वा पाठ्यक्रम विकास केन्द्रले सम्बन्धित कक्षाको लागि भनेर स्वीकृत गरी सार्वजनिक गरेको सन्दर्भ सूचिको पुस्तक मात्र खरिद गरी पुस्तकालयमा राख्ने र कक्षा ११-१२ अध्ययन गर्ने विद्यार्थीको लागि पुस्तकालय कार्डको व्यवस्था गरी विद्यार्थीहरुले पुस्तकालयबाट अवधि तोकी लैजाने व्यवस्था मिलाउने र अनिवार्य रुपमा फिर्ता गर्ने व्यवस्था मिलाउने ।
- बहुकक्षा/बहुस्तर वहुभाषिक कक्षा सञ्चालनका लागि अनुदानबाट सिकाई सामग्री मुख्यतय कार्यपुस्तिकाको व्यवस्था गर्ने, अन्य सिकाई सामग्रीको खरिद गर्ने ।

बोधार्थ:- सूचना प्रविधि शाखा:- webpage र facebook page मा upload गर्नु हुन ।

सुवास श्रेष्ठ १०/२३
प्रमुख प्रशासकीय अधिकृत